भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आ.व :२०८१/०८२
सूचना नं : ४५

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**
**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१०/२२गते)**

आ.व २०८१/८२ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत सबै जिल्लका कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सूचकाङ्कमा पछाडि परेका जम्मा १११ स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम अनुसार भूमे गाउँपालिका, रुकुम पूर्वी (भाग) मा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन मापदण्ड २०७७ को दफा ९ बमोजिम योग्यता पुगेका संस्थाले सूचना प्रकाशन भएको मितिदेखि १५ (पन्ध्र) दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा तपसिल अनुसारका आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातहरु:**

१. संस्थाको विधान, परिचय, उद्देश्य, कार्य सञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
७. कालो सूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व:घोषणा।
८. प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

नोट: राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ यसै सूचना साथ संलग्न गरी पठाइएको छ। साथै www.mowcsc.gov.np मा लगइन गरेर पनि हेर्न सक्नुहुनेछ। थप जानकारीका लागि मो.नं ९७६२५२७१५२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

............
धनिषा पुन मगर
सहायक महिला विकास निरीक्षक

............
देविलाल वि.क
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत